# इलामको सेरोफेरो
# स्थानीय पाठ्यक्रम
# (कक्षा १ – ५)

नगर शिक्षा समिति
पाठ्यक्रम निर्माण उपसमिति
इलाम नगरपालिका, इलाम

<u>**विषय सूची**</u>


क. परिचय

ख. औचित्य

ग. पाठ्यक्रमको संरचना

घ. विषयवस्तुको क्षेत्र

ङ. सक्षमताहरु

च. कार्यघण्टा

छ. विषयवस्तुको क्षेत्र र क्रम

ज. सिकाइ उपलब्धि

झ. सिकाइ सहजीकरण प्रक्रिया

ञ. मूल्याङ्कन

ट. अनुसूचीहरु

**अनुसूची-१** आधारभूत तह (कक्षा १—३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोगसम्बन्धी मार्गदर्शन

**अनुसूची-२** आधारभूत तह (कक्षा १—३) को मूल्याङ्कन अभिलेखीकरण फारमको नमुना

**अनुसूची-३** आधारभूत तह (कक्षा ४—५) को विद्यार्थी मूल्याङ्कन ढाँचा

## क. परिचय

नेपालको संविधान २०७२, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०७६ र पन्ध्रौं योजना २०७६/०७७ -२०८०/०८१ को मर्म र भावना अनुसार इलाम नगरपालिकाभित्र कार्यान्वयन गर्ने गरी **इलामको सेरोफेरो** नामक स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रमले इलाम नगरपालिकाको प्राकृतिक, जैविक, सामाजिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक पक्षलाई समेट्ने प्रयास गरेको छ । यो पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रमको रुप दिने प्रयत्न गरिएको छ ।

## ख. औचित्य

नेपाल भौगोलिक, जैविक, सामाजिक, धार्मिक एवं सांस्कृतिक दृष्टिले विविधतायुक्त देश हो । केन्द्रीय तहबाट निर्माण गरिएको पाठ्यक्रमले स्थानीय परिवेशलाई पूर्ण रुपमा समेट्न सक्दैन । त्यसैले स्थानीय क्षेत्रमा ओझेलमा परेका विषयवस्तुहरुलाई उजागर गर्न, बालबालिकाहरुलाई आफ्नो स्थानीय एवम् परम्परागत परिवेश प्रति परिचित गराउन र स्थानीय स्रोत सम्पदा र मूल्य मान्यता प्रति नागरिकहरुको अपनत्व जगाउने अभिप्रायले यो इलामको सेरोफेरो नामक पाठ्यक्रम तयार गरिएको छ । यसको कार्यान्वयन पश्चात् पाठ्यक्रमले निर्दिष्ट गरेका कक्षागत र क्षेत्रगत सिकाइ उपलब्धिहरु प्राप्त गर्न एवम् तहगत सक्षमता हासिल गर्न विद्यार्थीहरु सक्षम हुनेछन् भन्ने अपेक्षा गरिएको छ ।

## ग. पाठ्यक्रमको संरचना

### १. कक्षा १-३ को पाठ्यक्रम संरचना :-

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ४ | १२८ |
| ३ | गणित | ४ | १२८ |
| ४ | हाम्रो सेरोफेरो | ८ | २५६ |
| ५ | मातृभाषा / स्थानीय विषय | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

२. कक्षा ४-५ को पाठ्यक्रम संरचना :-

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | अंग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा / स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

**घ. विषयवस्तुको क्षेत्रः**

१. इलाम नगरपालिकाको भौगोलिक अवस्था, जनसंख्या र राजनैतिक संरचना
२. प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण
३. जातजाति, धर्म, संस्कृति र कला
४. पेशा, व्यवसाय तथा आर्थिक जनजीवन
५. पोषण, स्वास्थ्य, सरसफाइ र खेलकुद
६. सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघसंस्थाहरु
७. हाम्रा नैतिक मूल्य, मान्यता र सामाजिक व्यक्तित्वहरु
८. जीवनोपयोगी सिपः कम्प्युटर र योगासन
९. हाम्रो पर्यटन

**ङ. सक्षमताहरुः**

**यस तहको अन्त्यमा विद्यार्थीहरुले देहाय बमोजिमका सक्षमताहरु हासिल गर्नेछन् :-**

१. इलाम नगरपालिकाको भौगोलिक अवस्था, हावापानी जनसंख्या र राजनैतिक संरचनाको विषयमा सामान्य जानकारी
२. इलाम नगरपालिकाको नामाकरण र ऐतिहासिक पृष्ठभूमिको परिचय
३. इलाम नगरपालिकाको प्राकृतिक स्रोत र सम्पदाको विषयमा जानकारी र वातावरण संरक्षणको कार्यमा आफ्नो सहभागिता
४. इलाम नगरपालिका भित्रका जातजाति, भाषा, धर्म, संस्कृति र कलाको पहिचान र सामाजिक विविधताको सम्मान गर्दै सामाजिकीकरणका कार्यहरुमा आफ्नो सहभागिता
५. इलाम नगरपालिकाको कृषि, पशुपंक्षीपालन, उद्योग ,व्यापार र नोकरीको अवस्थाको सामान्य जानकारी एवं श्रमप्रति सम्मान गर्ने बानीको विकास र परिवारले अपनाएको पेशामा आफ्नो सहयोग

६. व्यक्तिगत स्वास्थ्य र सरसफाइको विषयमा सचेतना

७. आफ्नो घर आँगन विद्यालय र सार्वजनिक स्थलहरुको सरसफाइमा सहभागिता

८. स्थानीय खेलकुद एवम् इलाम नगरपालिकाभित्र सञ्चालन हुने प्रमुख खेलकुद प्रतियोगिताहरुको विषयमा जानकारी र आफ्नो उमेर, रुचि र क्षमता अनुसारका खेलहरुमा सहभागिता

९. विपद्, विपद्का प्रकार एवम् इलाम नगरपालिकाभित्र हुन सक्ने विपद्हरुको वारेमा जानकारी प्राप्त गरी सावधानीका उपायहरुको अवलम्वन र सुरक्षित विद्यालयको अवधारणा बारे जानकारी

१०.इलाम नगरपालिका भित्र सञ्चालित विद्यालयहरु एवं कार्यरत संघ संस्थाहरुको विषयमा जानकारी

११.इलाम नगरपालिका भित्रको स्थानीय संस्कार र संस्कृतिको परिचय र हाम्रा नैतिक मूल्य तथा मान्यताहरुलाई आफ्नो व्यवहारमा अनुशरण

१२.ख्यातिप्राप्त सामाजिक व्यक्तित्वहरुको परिचय

१३.जीवनोपयोगी सिपको रुपमा रहेका कम्प्यूटर र योगासनको विषयमा प्रारम्भिक ज्ञान र व्यवहारमा समेत अभ्यास

१४.इलाम नगरपालिकाभित्रका पर्यटकीय स्थलहरुको पहिचान र परिचय

१५.पर्यटन व्यवसाय र इलाम नगरपालिकामा पर्यटनको महत्वको विषयमा जानकारी

## च. कार्यघण्टा

| क्र. सं. | विषयक्षेत्र/एकाइको नाम | कार्यघण्टा | |
|---|---|---|---|
| | | कक्षा १ – ३ | कक्षा ४ – ५ |
| १. | इलाम नगरपालिकाको भौगोलिक अवस्था, जनसंख्या र राजनैतिक संरचना | १८ | १४ |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | १६ | १४ |
| ३. | जातजाति, भाषा, धर्म, संस्कृति र कला | १९ | १५ |
| ४. | पेशा, व्यवसाय तथा आर्थिक जनजीवन | १८ | १४ |
| ५. | पोषण,स्वास्थ्य,सरसफाइ र खेलकुद | १९ | १४ |
| ६. | सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघसंस्थाहरु | १९ | १५ |
| ७. | हाम्रा नैतिक मूल्य, मान्यता र सामाजिक व्यक्तित्वहरु | १६ | १४ |
| ८. | जीवनोपयोगी सिपः कम्प्युटर र योगासन | १९ | १४ |
| ९. | हाम्रो पर्यटन | १६ | १४ |
| **जम्मा कार्यघण्टा** | | १६० | १२८ |

## छ. विषयवस्तुको क्षेत्र र क्रम

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | इलाम नगरपालिकाको भौगोलिक अवस्था, जनसंख्या र राजनैतिक संरचना | - आफ्नो नगरपालिकाको नाम, आफू बस्ने वडा र टोल<br>-आफ्नो परिवारको संख्या, नाम र नाता | - इलाम जिल्लाको नक्सामा आफ्नो नगरपालिकाको पहिचान<br>-आफ्नो नगरपालिकाको वडा संख्या र आफ्नो वडा कार्यालय रहेको स्थान,<br>- आफ्नो वडाध्यक्ष र वडा सदस्यहरुको नाम | -आफ्नो नगरपालिकाको सिमाना,<br>- नगरपालिकाको केन्द्र रहेको वडा नं र टोलको नाम<br>- नगरपालिकाका प्रमुख र उपप्रमुखको नाम | -इलाम नगरपालिकाको भौगोलिक अवस्थिति, हावापानी र क्षेत्रफल<br>- वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुको विवरण | - इलाम नगरपालिकाको नामाकरण र ऐतिहासिक पृष्ठभूमि<br>-इलाम नगरपालिकाको जनसंख्या<br>- नगरपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरु |
| २. | प्राकृतिक स्रोत, सम्पदा र वातावरण संरक्षण | - आफ्नो टोलमा रहेका नदीनाला, वनजंगल, पोखरी, कुवा, झरना आदि<br>- आफ्नो टोलमा रहेका धार्मिक स्थलहरु | - आफ्नो वडामा रहेका नदीनाला, वनजंगल, खनिज, पोखरी, कुवा, झरना आदि<br>- आफ्नो वडामा रहेका विद्यालय, पाटी पौवा, मठ, मन्दिर, धर्मशाला, चौतारा आदि | -इलाम नगरपालिका क्षेत्रमा रहेका मुख्य नदीहरु, पोखरी, झरना, वनजंगल, खनिज आदि<br>-इलाम नगरपालिकाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक स्थलहरु | - इलाम नगरपालिका क्षेत्रमा पाइने दुर्लभ जीवजन्तु र वनस्पतिहरु,<br>-विषाक्त बोट बिरुवाहरु,<br>-वातावरण संरक्षणको धारणा र महत्व | - इलाम नगरपालिका क्षेत्रमा पाइने स्थानीय वनस्पति र जडिबुटीहरु,<br>- खाद्यान्न बालीमा विषादीको प्रयोग, यसको असर र रोकथाम |
| ३. | जातजाति, भाषा, धर्म, संस्कृति र कला | - आफ्नो परिवार र छिमेकीहरुको जाति, धर्म र भाषा<br>- इलाम नगरपालिकाका परम्परागत घरायसी सामग्रीहरु (डोको, नाम्लो, | -आफ्नो वडाभित्र बसोबास गर्ने मानिसहरुको जाति, धर्म र भाषा<br>- परम्परागत कृषि सामग्रीहरु (हलो, जुवा, दाँदे, हल्लुँड, | -इलाम नगरपालिका भित्रका मानिसहरुको जाति, धर्म, भाषा र चाडपर्वहरु<br>- स्थानीय लोकबाजाहरु (पञ्चे बाजा, मादल, | - इलाम नगरपालिका भित्र मनाइने जात्रा, उत्सव र मेलाहरु,<br>- स्थानीय हस्तकलाका सामग्रीहरु | -इलाम नगरपालिका भित्रका परम्परागत नाचहरु,<br>- इलाम नगरपालिका भित्रको मौलिक कला र संस्कृतिको वर्तमान अवस्था र संरक्षणका उपायहरु |

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | डालो, थुन्से, मान्द्रो, नाङ्गलो, ठेकी, गरियो, हुक्का, हाँडी........ आदि) | जोतारो, कुटो, कोदालो..... आदि) | मुरली, बाँसुरी, मुर्चुङ्गा, बिनायो,.... आदि) | - स्थानीय लोक भाकाहरु | |
| ४. | पेशा, व्यवसाय तथा आर्थिक जनजीवन | -आफ्नो परिवार र छिमेकीहरुले अवलम्बन गरेका पेसाहरु,<br>-आफ्नो परिवारका आम्दानीका स्रोतहरु | -आफ्नो वडाभित्रका मानिसहरुका पेशा व्यवसायहरु,<br>-आफ्नो परिवारका आम्दानीका स्रोतहरु र खर्चका शीर्षकहरु | -आफ्नो वडाभित्र उत्पादन हुने बालीहरु,<br>-आफ्नो वडाभित्र पालिने पशुपंक्षीहरु | -इलाम नगरपालिकाभित्रको कृषि, पशुपालन, उद्योग र व्यापार<br>-खाद्यान्न बाली र नगदे बालीको अवधारणा | -इलाम नगरपालिकाभित्रका व्यापारिक केन्द्रहरु,<br>-इलाम नगरपालिकाबाट निर्यात हुने वस्तुहरु<br>- वडा हाकिम गजराज सिंह थापा र इलामको चिया उद्योग |
| ५. | पोषण,स्वास्थ्य, सरसफाइ र खेलकुद | -व्यक्तिगत सरसफाइ,<br>-आफ्नो खानामा समावेश हुने वस्तुहरुको नाम,<br>-आफूले खेल्ने खेलहरुको नाम | -आफ्नो घर आँगन, कक्षाकोठा र विद्यालयको सरसफाइ,<br>-पत्रु खाना (जङ्क फुड) को पहिचान<br>-आफ्नो टोलभित्र खेलिने स्थानीय खेलहरु | -शौचालयको प्रयोग र सरसफाइ<br>-सफा, ताजा र अर्गानिक खानाको अवधारणा<br>-आफ्नो वडाभित्र खेलिने परम्परागत खेलहरु | -विद्यालयको सरसफाइमा आफ्नो भूमिका<br>-पत्रु खाना (जङ्क फुड) को प्रयोग र यसको असर<br>-बालबालिकाहरुको प्रतिभा पहिचानमा स्थानीय खेलहरुको महत्व | -सार्वजनिक स्थलको सरसफाइ,<br>-आफ्नो नगरपालिकाभित्र सञ्चालन हुने प्रमुख खेलकुद प्रतियोगिताहरु,<br>-लागु पदार्थ तथा दुर्व्यसन र यसको असर |
| ६. | सुरक्षा, विपद् व्यवस्थापन र सामाजिक संघसंस्थाहरु | -बाढी, पहिरो , हावाहुरी, आगलागी | -भूकम्प, चट्याङ, सर्पदंश, डुबान, सवारी दुर्घटना, विद्युतीय दुर्घटना | -विपद्का प्रकार<br>-विपद्बाट बच्ने उपायहरु | -इलाम नगरपालिकाभित्र हुन सक्ने सम्भावित प्राकृतिक विपदहरु, | -सुरक्षित विद्यालय र सुरक्षित बासस्थानको आवश्यकता र महत्व, |

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | | | | -इलाम नगरपालिकाभित्रका सम्भावित मानव सिर्जित विपद्हरु | -इलाम नगरपालिकाभित्र कार्यरत सामाजिक संघसंस्थाहरु |
| ७. | हाम्रा नैतिक मूल्य, मान्यता र सामाजिक व्यक्तित्वहरु | -ठुलालाई आदर, सानालाई माया र साथीहरुसँग मेलमिलापको धारणा<br>- हाम्रा राम्रा र नराम्रा बानीहरु | -परिवार र विद्यालयको सामान्य अनुशासन | - परिवार, छरछिमेक र समुदायमा मेलमिलाप, आपसी सहयोग र सहिष्णुता | -आफ्ना अग्रजहरुप्रति मर्यादा र सकारात्मक व्यवहार,<br>-पारिवारिक मेल र सहकार्य | -ज्येष्ठ नागरिक, अशक्त, असहाय र फरक क्षमता भएका व्यक्तिहरु प्रति सकारात्मक व्यवहार,<br>-साहित्यकार विष्णु नवीन |
| ८. | जीवनोपयोगी सिपः कम्प्युटर र योगासन | -कम्प्युटरको पहिचान<br>-योग र स्वास्थ्यको सम्बन्ध,<br>- सुखासन र बज्रासन | -कम्प्युटरका विभिन्न भागहरुको पहिचान<br>-योग र ध्यानबारे सामान्य जानकारी<br>-पादहस्तासन | -कम्प्युटरका विभिन्न भागहरुको परिचय<br>-योग, प्राणायाम र ध्यानको परिचय<br>-ताडासन | -कम्प्युटरको प्रयोग र महत्व,<br>-स्वास्थ्यका लागि योग र ध्यानको महत्व<br>-अनन्तासन | -कम्प्युटरमा प्रयोग हुने विभिन्न प्रोगामहरुको समान्य परिचय,<br>-सिंहासन<br>-अनुलोम विलोम |
| ९. | हाम्रो पर्यटन | -आफ्नो वडाभित्रका घुम्न जाने ठाउँहरुको नाम<br>-वनभोजको अवधारणा | -इलाम नगरपालिकाभित्रका पर्यटकीय स्थलहरुको नाम<br>-शैक्षिक अवलोकन भ्रमणको अवधारणा | -इलाम नगरपालिकाभित्रका पर्यटकीय स्थलहरुको अवस्थिति<br>-घुम्न र रमाइलो गर्न जानको लागि उत्प्रेरणा<br>- पर्यटकीय स्थल भालुढुङ्गाको परिचय | -सुकिलुम्बा विमानस्थल<br>-दिदी बहिनी झरना<br>-पर्यटनको अर्थ र महत्व | - पाटेनागी<br>-इलामको चियाबारी<br>-इलाम जिल्लाको पर्यटनसँग जोडिने पेशा व्यवसायहरु |

## ज. कक्षागत सिकाइ उपलब्धि

कक्षागत तथा क्षेत्रगत रुपमा वालवालिकाहरुले देहाय बमोजिमका सिकाइ उपलब्धिहरु हासिल गर्न सक्षम हुनेछन् :-

| क्र.सं. | एकाइ/ क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | इलाम नगरपालिकाको भौगोलिक अवस्था , जनसंख्या र राजनैतिक संरचना | -आफ्नो नगरपालिकाको नाम भन्न<br>-आफू बस्ने वडा र टोलको नाम बताउन ।<br>-आफ्नो परिवारका सदस्यहरुको संख्या, उनीहरुको नाम र नाता बताउन । | -इलाम जिल्लाको नक्सामा आफ्नो नगरपालिका छुट्याउन ।<br>-आफ्नो नगरपालिकाको वडा संख्या र वडा कार्यालय रहेको ठाउँको नाम भन्न ।<br>-आफ्नो वडा अध्यक्ष र वडा सदस्यहरुको नाम बताउन । | -इलाम जिल्लाको नक्सामा आफ्नो नगरपालिकाको सीमाना छुट्याउन ।<br>आफ्नो नगरपालिकाको केन्द्र रहेको वडा नम्वर र टोलको नाम भन्न ।<br>-आफ्नो नगरपालिकाका प्रमुख र उपप्रमुखको नाम भन्न । | -इलाम नगरपालिकाको भौगोलिक अवस्थिति, हावापानी र क्षेत्रफल बताउन<br>-वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुको विवरण प्रस्तुत गर्न । | -इलाम नगरपालिकाको नामाकरण र ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्न ।<br>-इलाम नगरपालिकाको जनसंख्याको वनोटको विषयमा जानकारी प्राप्त गर्न ।<br>-नगरपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरुको विवरण प्रस्तुत गर्न । |
| २. | प्राकृतिक स्रोत सम्पदा र वातावरण संरक्षण | -आफ्नो टोलमा रहेका नदीनाला वन, जङ्गल, पोखरी, कुवा, झरना आदिको पहिचान गर्न ।<br>-आफ्नो टोलमा रहेका धार्मिक स्थलहरुको पहिचान गर्न | -आफ्नो वडामा रहेका नदीनाला, वन, जङ्गल, खनिज, पोखरी, कुवा, झरना आदिको नाम भन्न<br>-आफ्नो वडामा रहेको विद्यालय पाटी पौवा, मठ, मन्दिर, गुम्बा, चैत्य, चर्च , धर्मशाला, चौतारा आदिको नाम भन्न । | -इलाम नगरपालिकाको क्षेत्रभित्र रहेका मुख्य नदीहरु, पोखरी, झरना, वनजङ्गल, खनिज आदिको विवरण तयार गर्न ।<br>-इलाम नगरपालिका भित्रका ऐतिहासिक धार्मिक सांस्कृतिक एवं | -इलाम नगरपालिका भित्र पाइने दुर्लभ जीवजन्तु र वनस्पतिहरुको परिचय दिन ।<br>-विषाक्त वोटविरुवाहरुको पहिचान गर्न । | -इलाम नगरपालिका भित्र पाइने स्थानीय वनस्पति र जडीबुटीहरुको परिचय दिन ।<br>-खाद्यवालीहरुमा विषादीको प्रयोग , यसको असर र रोकथाम बारे बताउन । |

| क्र.सं. | एकाइ/ क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | | | पुरातात्विक स्थलहरुको संक्षिप्त परिचय दिन। | -वातावरण संरक्षणको धारणा र महत्व बताउन । | |
| ३. | जातजाति, भाषा, धर्म, संस्कृति र कला | -आफनो परिवार र छिमेकीहरुको जाति धर्म र भाषाको नाम भन्न ।<br>-आफ्नो क्षेत्रका परम्परागत घरायसी सामग्रीहरु (डोको, नाम्लो, डालो, थुन्से, मान्द्रो, ठेकी, गरियो, हुक्का, हाँडी ...... आदि चिन्न। | -आफ्नो वडाभित्र बसोवास गर्ने मानिसहरुको जाति, धर्म र भाषा बताउन। परम्परागत कृषि सामग्रीहरु (हलो, दाँदे, हल्लुड, जोतारो, कुटो, कोदालो .....आदि) को पहिचान गर्न र तिनीहरुको प्रयोग बताउन। | -इलाम नगरपालिका भित्रका मानिसहरुको जाति धर्म भाषा र चाडपर्वहरुको परिचय दिन। स्थानीय लोकबाजाहरु (पञ्चेबाजा, मादल, मुरली, बाँसुरी, मुर्चुङ्गा, विनायो ...... आदि) को परिचय दिन। | -इलाम नगरपालिका भित्र पाइने परम्परागत जात्रा उत्सव र मेलाहरुको परिचय दिन ।<br>-स्थानीय हस्तकलाका सामग्रीहरु पहिचान र प्रयोग गर्न र तिनीहरुको आकार बताउन।<br>-स्थानीय लोक भाकाहरुको परिचय दिन । | -इलाम नगरपालिका भित्रका परम्परागत नाचहरु (संगिनी, मारुनी, साकेला) को परिचय दिन ।<br>-हाम्रो मौलिक कला र संस्कृतिको महत्व वर्तमान अवस्था र संरक्षणका उपायहरु बताउन। |
| ४. | पेशा व्यवसाय तथा आर्थिक जनजीवन | -आफ्नो परिवार र छिमेकीहरुले अवलम्वन गरेका पेशाहरु बताउन<br>-आफ्नो परिवारको आम्दानीका स्रोतहरु बताउन। | -आफ्नो वडा भित्रका मानिसहरुको पेशा तथा व्यवसायहरु बताउन।<br>-आफ्नो परिवारका आम्दानीका स्रोतहरु र खर्चका शीर्षकहरु बताउन। | -आफ्नो वडा भित्र उत्पादन हुने बालीहरुको परिचय दिन।<br>-आफ्नो वडाभित्र पालिने पशुपंक्षीहरुको परिचय दिन। | -इलाम नगरपालिका भित्रको कृषि पशुपालन उद्योग र व्यापारको सामान्य जानकारी दिन ।<br>-खाद्यान्न र नगदेवालीको अवधारणासँग परिचित हुन। | -इलाम नगरपालिका भित्रका व्यापारिक केन्द्रहरु उल्लेख गर्न । इलाम नगरपालिकाबाट निर्यात हुने वस्तुहरुको विवरण प्रस्तुत गर्न।<br>-बडाहाकिम गजराज सिंह थापा र इलामको चिया उद्योगको परिचय दिन। |

| क्र.सं. | एकाइ/ क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| ५. | पोषण,स्वास्थ्य सरसफाइ र खेलकुद | -व्यक्तिगत सरसफाइमा ध्यान दिन।<br>-आफ्नो खानामा समावेश हुने वस्तुहरुको नाम भन्न।<br>-आफूले खेल्ने खेलहरुको नाम बताउन। | -आफ्नो घर आँगन कक्षाकोठा र विद्यालयको सरसफाइमा सहभागी हुन।<br>-पत्रु खाना (जङ्क फुड) को पहिचान गर्न।<br>-आफ्नो टोलभित्र खेलिने स्थानीय खेलहरुसँग परिचित हुन। | -शौचालयको प्रयोग सरसफाइ बारे जानकारी प्राप्त गर्न।<br>- सफा ताजा र अर्गानिक खाना बारे जानकारी प्राप्त गर्न र प्रयोग गर्न।<br>-आफ्नो वडा भित्र खेलिने परम्परागत खेलहरुको परिचय दिन र त्यस्ता खेलहरुमा सहभागी हुन। | -विद्यालयको सरसफाइमा आफ्नो भूमिका प्रदर्शन गर्न ।<br>-पत्रु खाना (जङ्कफुड) को प्रयोग र यसको असर बारे जानकारी प्राप्त गर्न ।<br>-बालबालिकाहरुको प्रतिभा पहिचानमा स्थानीय खेलहरुको महत्व वताउन | -सार्वजनिक स्थलहरुको सरसफाइमा सहभागी हुन।<br>-आफ्नो नगरपालिका भित्र सञ्चालन हुने प्रमुख खेलकुद प्रतियोगिताहरुको वर्णन गर्न।<br>लागू पदार्थ र यसको असर बारे सामान्य जानकारी प्राप्त गर्न। |
| ६. | सुरक्षा विपद् व्यवस्थापन र सामाजिक सङ्घ संस्थाहरु | -बाढी पहिरो हावा हुरी र आगलागी बारे जानकारी प्राप्त गर्न र सचेत रहन। | -भूकम्प, चट्याङ्, सर्पदंश, डुवान, सवारी दुर्घटना आदिसँग परिचित हुन र सावधानी अपनाउन। | -विपद्का प्रकारहरु छट्याउन ।<br>-विपद्बाट बच्ने उपायहरु बताउन र आफूले पनि अवलम्वन गर्न। | -इलाम नगरपालिकाभित्र हुन सक्ने प्रकृतिक विपद यसका कारण र असरहरुबारे बताउन।<br>-इलाम नगरपालिका भित्र सम्भावित मानव सिर्जित विपद् र यसका कारण र असर उल्लेख गर्न। | -सुरक्षित विद्यालय र सुरक्षित बासस्थानको आवश्यकता र महत्व बताउन।<br>-इलाम नगरपालिकाभित्र कार्यरत सामाजिक संघ संस्थाहरुको परिचय दिन।<br>-ट्राफिक नियमको सामान्य जानकारी दिन। |
| ७. | हाम्रा नैतिक मूल्य, मान्यता र | -आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्न । | -परिवार र विद्यालयको सामान्य अनुशासनसँग | -परिवार छरछिमेक र समुदायमा मेलमिलाप र | -आफ्ना अग्रजहरुप्रति मर्यादा र सकारात्मक व्यवहार देखाउन। | ज्येष्ठ नागरिक अशक्त असहाय र फरक क्षमता भएका व्यक्तिहरुप्रति सकारात्मक व्यवहार प्रस्तुत गर्न। |

| क्र.सं. | एकाइ/ क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | सामाजिक व्यक्तित्वहरु | -साथीहरुसँग मेलमिलाप र सहकार्य गर्न ।<br>-आफ्ना राम्रा र नराम्रा बानीहरु चिन्न । | परिचत हुन र पालना गर्न । | सहकार्यको अवधारणा अवलम्वन गर्न । | -पारिवारिक मेल र सहकार्य नैतिक दायित्वको रुपमा ग्रहण गर्न । | -साहित्यकार विष्णु नविनको परिचय दिन । |
| ८. | जीवनोपयोगी सीप कम्प्यूटर र योगासन | -कम्प्यूटर चिन्न ।<br>-योग र स्वास्थ्यको सम्वन्धसँग परिचित हुन ।<br>-बज्रासन र सुखासनको अभ्यास गर्न । | -कम्प्यूटरका विभिन्न भागहरु चिन्न ।<br>-योग र ध्यान बारे सामान्य जानकारी प्राप्त गर्न ।<br>-पादहस्तासनको अभ्यास गर्न । | -कम्प्यूटरका विभिन्न भागहरुको परिचय दिन ।<br>-योग प्राणायाम र ध्यानको परिचय दिन ।<br>-ताडासनको अभ्यास गर्न । | -कम्प्यूटरको प्रयोग र महत्व बताउन ।<br>-स्वास्थ्यको लागि योग र ध्यानको महत्व वर्णन गर्न ।<br>-अनन्तासनको अभ्यास गर्न । | -कम्प्यूटरमा प्रयोग हुने विभिन्न प्रोग्रामहरुको नाम भन्न ।<br>-सिंहासनको अभ्यास गर्न ।<br>-अनुलोम विलोम प्राणायामको अभ्यास गर्न । |
| ९. | हाम्रो पर्यटन | -आफ्नो वडा भित्रका घुम्न जाने ठाउँहरुको नाम बताउन ।<br>-वनभोजको अवधारणासँग परिचित हुन र सहभागी हुन । | -इलम नगरपालिका भित्रका पर्यटकीय स्थानहरुको नाम बताउन ।<br>-शैक्षिक अवलोकन भ्रमणको अवधारणासँग परिचित हुन र त्यसमा सहभागी हुन । | -इलाम नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको अवस्थिति बताउन ।<br>-घुम्न र रमाइलो गर्न जानको लागि अरुलाई उत्प्रेरित गर्न ।<br>-पर्यटकीय स्थल भालुढुङ्गाको परिचय दिन । | -सुकिलुम्बा विमानस्थल र दिदी बहिनी झरनाको परिचय दिन ।<br>-पर्यटनको अर्थ र महत्व बताउन । | -इलाम नगरपालिकाको पर्यटकीय स्थल पाटेनागी र इलामको चियावारीको परिचय दिन ।<br>-इलाम जिल्लाको पर्यटनसँग जोडिने पेशा व्यवसायहरु उल्लेख गर्न । |

## झ. सिकाइ सहजीकरण प्रक्रिया

इलामको सेरोफेरो नामक स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी केन्द्रित शिक्षण विधि अवलम्बन गरिनेछ । सिकाइ सहजीकरण प्रक्रियामा बालमनोविज्ञानलाई केन्द्रविन्दुमा राखेर बालमैत्री शिक्षण विधिको प्रयोग गरिनेछ । सहभागितामूलक सिकाइले विद्यार्थीको जिम्मेवारी र अनुभवमा बृद्धि हुन्छ भन्ने मान्यताका आधारमा यहाँ गरेर सिक्ने ( Learning by doing) भन्ने कुरालाई विशेष महत्व दिइन्छ । यो विषयको सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका सहजकर्ताको रुपमा रहन्छ । यो विषयको सिकाइ सहजीकरणका लागि सामान्यतया निम्न अनुसारका विधिहरु प्रयोग गर्न सकिन्छ ।

१. छलफल विधि
२. प्रश्नोत्तर विधि
३. अवलोकन विधि
४. क्षेत्र भ्रमण विधि
५. प्रदर्शन विधि
६. अभिनय विधि
७. समस्या समाधान विधि
८. खोज तथा अनुसन्धान विधि

यो पाठ्यक्रम स्थानीय वस्तुस्थितिको सापेक्षतामा तयार भएको पाठ्यक्रम हो । इलाम नगरपालिकाभित्र पनि सबै वडा र विद्यालयहरुमा विषयवस्तुको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । सिकारुको रुचि, उमेर, क्षमता विद्यालयको भौतिक अवस्था शैक्षिक सामग्रीको उपलब्धता आदि कुराहरुको आधारमा सबै विद्यालयहरु र सबै कक्षाहरुमा एकै प्रकारको शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त नहुन सक्छ । त्यसैले आफ्नो परिवेश अनुसार उपयुक्त शिक्षण विधि छनौट गर्नुपर्ने हुन्छ ।

सिकाइलाई रुचिपूर्ण प्रभावकारी र चिरस्थायी बनाउन संगीत, कथा, खेल आदिलाई पनि माध्यमको रुपमा उपयोग गर्न सकिन्छ । यो पाठ्यक्रमले सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नताको पनि अपेक्षा गरेको छ ।

## ञ. विद्यार्थी मूल्याङ्कन

स्थानीय विषयको विद्यार्थी मूल्याङ्कन पनि राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको मूल्याङ्कन प्रक्रियाको आधारमा नै गरिन्छ । कक्षा १-३ मा शतप्रतिशत निर्माणात्मक अर्थात निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिन्छ । निरन्तर मूल्याङ्कन पद्धतिमा विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धी परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियता आदिलाई मूल्याङ्कनको आधार मानिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) व्यवस्थित गरी अभिलेख राख्नुपर्ने हुन्छ ।

कक्षा ४ र ५ मा निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन प्रणाली अपनाइन्छ । ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन अर्थात् आवधिक परीक्षाको आधारमा मूल्याङ्कन गरी कक्षोन्नति गरिन्छ ।

## ट. <u>अनुसूचीहरु</u>

### १. आधारभूत तह (कक्षा १—३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोगसम्बन्धी मार्गदर्शन

यस स्थानीय पाठ्यक्रम इलामको सेरोफेरोको कक्षा १—३ मा विद्यार्थी मूल्याङ्कन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा विकास तथा प्रयोग गर्नु पर्छ । त्यसका लागि मूल्याङ्कनका सम्भाव्य विधि, तौरतरिका तथा साधनहरू तल उल्लेख गरिएको छ ।

**मूल्याङ्कन गर्ने तरिका**

**क.** प्रत्येक विद्यार्थीले प्रत्येक विषयक्षेत्रका सिकाइ उपलब्धिमा के कति उपलब्धि हासिल गरे भनी मूल्याङ्कनका निर्धारित साधनहरु प्रयोग गरी परीक्षण गर्नुपर्छ ।

**ख.** विद्यार्थीको उपलब्धिस्तरलाई १ देखि ४ स्तरमा रेटिङ गरी विषयक्षेत्र अनुसारको सिकाइ उपलब्धिमा अभिलेखीकरण गर्नुपर्छ ।

**विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या :**

| उपलब्धिस्तर मापन | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Below Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |

**ग.** हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विशेष ध्यान दिनुपर्छ ।

**घ.** सबै विद्यार्थीले न्यूनतम सिकाइस्तर प्राप्त गर्नुपर्दछ । तर कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ र विद्यार्थीको पुनः मूल्याङ्कन गरी उपलब्धि वृद्धि गरिनु पर्दछ ।

**ङ.** सामान्यतया सबै विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुऱ्याउने लक्ष्य लिनु पर्दछ । यदि निर्धारित उपलब्धि पुरा गर्न नसकेमा उपचारात्मक शिक्षण समेत गरिनुपर्दछ ।

**च.** विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ ।

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

**छ.** उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार प्रस्तुत गर्नुपर्ने छ ।

| **क्र.स.** | **उपलब्धि प्रतिशत** | **स्तरीकृत अङ्क** | **अक्षरमा उपलब्धिस्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |

## २. आधारभूत तह (कक्षा १—३) को मूल्याङ्कन अभिलेखीकरण फारामको नमुना

**मूल्याङ्कन अभिलेखीकरण फारम**

कक्षा : १ विषय : इलामको सेरोफेरो विषय क्षेत्र/थिम : विद्यार्थीको नाम : परिचय पत्र नं. :

| विषयक्षेत्र /थिम | मुख्य सिकाइ उपलब्धि | उपलब्धि सूचक/ उपलब्धि विस्तृतीकरण | नियमित शिक्षण सिकाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| १. इलाम नगरपालिकाको भौगोलिक अवस्था , जनसंख्या र राजनैतिक संरचना | १. आफू वस्ने वडा, टोल र स्थानीय तहको नाम बताउन | १.आफू वस्ने ठाउँको नाम चिन्न र साथीलाई बताउन | | | | | |
| | | २.आफ्नो वडाको नम्बर र वडा रहेको स्थान पहिचान गर्न | | | | | |
| | | ३.आफ्नो स्थानीय तहको नाम बताउन र छुट्याउन | | | | | |
| | २. आफ्नो परिवारका सदस्यहरुको संख्या र उनीहरुको नाम बताउन | १. आफ्नो परिवारका सदस्यहरुको संख्या गन्न | | | | | |
| | | २. आफ्नो परिवारका सदस्यहरुको संख्या बताउन | | | | | |
| | | ३. परिवारका सदस्यहरुको नाता पहिचान गर्न | | | | | |
| | | ४. परिवारका सदस्यहरुको नाता पहिचान गरी नाम बताउन | | | | | |
| | | | | | | | |
| अभिभावकको सही<br>विषय शिक्षकको सही | | | उपलब्धिस्तर अङ्कको जोड<br>थिमगत सिकाइ उपलब्धी प्रतिशत | | | | |

## ३. आधारभूत तह (कक्षा ४—५) को विद्यार्थी मूल्याङ्कन ढाँचा

यस इलामको सेरोफेरो (आधारभूत तह ४-५) पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्नका लागि निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइमा सुधार गर्नु भएकाले यसलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा लिइएको छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा सहभागिता, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वः तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गरी विद्यार्थीहरुको सिकाइस्तर परीक्षण गरिनुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर समेत प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । समग्रमा विद्यार्थीहरुको सिकाइ स्तरलाई परीक्षण गर्न आन्तरिक मूल्याङ्कन तर्फ ५० प्रतिशत र आवधिक मूल्याङ्कन तर्फ ५० प्रतिशतको हुने गरी अपनाइएको छ ।

### आवधिक परीक्षा


निर्णयात्मक मूल्याङ्कनमा आवधिक परीक्षाको भार ५० प्रतिशत हुने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । अन्तिम परीक्षाको प्रश्नपत्र यस पाठ्यक्रमले तय गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ । शैक्षिक सत्रको अन्तिममा लिएको परीक्षालाई नै प्रमाणिकरणको बाह्य परीक्षाको रुपमा लिइनेछ ।

### आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत हुने छ । यसमा विभिन्न पक्षहरुलाई समेटेर सोको आधारमा मूल्याङ्कनको अभिलेखीकरण गरिनेछ । यसका लागि रुजू सूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ ।

आन्तरिक मूल्याङ्कन ढाचाँ

| सि.न. | मूल्याङ्कन पक्ष | भार |
|---|---|---|
| १ | पोर्टफोलियोको लेखाजोखा (कक्षाकार्य, एकाइ परीक्षा, विभिन्न समयमा गरेका विशिष्ट कार्यहरु) | ४ |
| २ | प्रयोगात्मक तथा परियोजना कार्य | १६ |
| ३ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ४ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |


इलाम नगरपालिका